समाज कल्याण परिषद्को बोर्ड बैठकबाट परित

२०७७ भाद्र ३१ गते बुधवार

# नीति तथा कार्यक्रम

## आर्थिक वर्ष २०७७-०७८

माननीय महिला वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्री एवम् परिषद्का अध्यक्षज्यू !
राष्ट्रिय योजना आयोगका मा. सदस्यज्यू, कोषाधक्ष्यज्यू, सदस्य सचिवज्यू !
परिषद्का बोर्ड सदस्यज्यूहरु एवं विभिन्न मन्त्रालयबाट पाल्नुभएका बोर्ड सदस्यज्यूहरु !

१. नेपाल र नेपालीको सर्वाङ्गीण विकासकालागि समाज सेवालगायतका समाज कल्याणका विभिन्न क्रियाकलापहरूलाई विकास निर्माणसँग सम्बद्ध गराउने, गरिव ब्यक्ति वा समुदायलाई माथि उठाउनुको साथै समाज सेवा गर्ने संघसंस्थाको काममा समन्वय ल्याउने उद्देश्यले स्थापित समाज कल्याण परिषद्को महत्व कोभिड-१९ महामारीको प्रभावमा नेपाल लगायत विश्व समुदायमा परिरहेको अवस्थामा झन बढेको छ। यो ऐतिहासिक घडीमा नेपालीजनलाई सेवाभावमा उत्प्रेरित गरी मानवीय सहयोग दानको विषय नभएर अधिकार र उत्तरदायित्वको सवालका रूपमा विकास गर्ने प्रणकासाथ परिषद्ले आफ्नो अभियान अगाडि बढाउने छ।

२. नेपाल सरकारले लिएको **समृद्ध नेपाल, सुखी नेपालीको** परिकल्पनालाई योगदान पुऱ्याउन परिषद्ले **नतिजामुखी कार्यक्रम र सुशासनको** अवधारणालाई मूल कार्यभारका रूपमा विकास गर्नेछ। सोका लागि आवश्यक नीति नियमको समयानुकुल परिमार्जन गरिने छ।

३. सामाजिक क्षेत्रमा नतिजामुखी कार्यक्रम र सुशासनको सुनिश्चितता गर्दै यस क्षेत्रले राष्ट्रिय विकासमा पुऱ्याएको योगदानको लेखाजोखा गरी **सामाजिक क्षेत्रलाई राष्ट्रिय गौरवको क्षेत्रका** रूपमा स्थापित गरिने छ। यो क्षेत्रको योगदान एकत्रित गर्न दीर्घकालीन सोच सहितको १५ औं आवधिक योजना र दिगो विकास लक्ष्यका सूचकहरूको आधारमा प्रतिवेदन तयार गरिने छ। सो प्रतिवेदन नेपाल सरकारको बार्षिक प्रगति प्रतिवेदनको हिस्साको रूपमा संलग्न गराइने छ।

४. नेपाल सरकारले दीर्घकालीन सोच अगाडि सार्दै वि.सं २१०० मा प्रतिव्यक्ति राष्ट्रिय आय १२१०० डलर पुऱ्याई नेपाललाई उच्च आय भएको मुलुकको रूपमा स्थापित गर्ने लक्ष्य लिएको छ। जस अन्तर्गत वि.सं २०८७ मा दिगो विकास लक्ष्य हाँसिल गर्दै मध्यम आय भएको मुलुकका रूपमा स्तरोन्नती हुने लक्ष्य राखिएको छ। परिषद् सामाजिक उद्यमशीलताको माध्ययमबाट सामाजिक रूपान्तरणमा योगदान पुऱ्याउँदै भविष्यमा व्यवसायिक सामाजिक उत्तरदायित्वका कार्यक्रम मार्फत मानवीय सहायताका कार्यक्रम राष्ट्रिय एवं अन्तर्राष्ट्रिय तहमा सञ्चालन गर्ने गरी संस्थागत संरचना तयार गर्ने दिशामा अगाडि बढ्ने छ। सोकालागि परिषद्ले वि.सं. २०८७ सम्म सामाजिक उद्यमशीलताको माध्ययमबाट नेपाली सामाजिक संस्थाहरूलाई आत्मनिर्भर र स्वावलम्वी सस्थाको रूपमा रूपान्तरण गरी समग्र सामाजिक क्षेत्रमा स्व-लगानी गर्न सक्ने लक्ष्य

राखिने छ । साथै वि.सं. २१०० सम्म नेपाली सामाजिक संस्थाहरू अन्तर्राष्ट्रिय क्षेत्रमा मानवीय सहायताको कार्यक्रम मार्फत विकास कुटनीतिमा योगदान गर्ने दिशामा तयार हुनेछन् । परिषद्को उपर्युक्त दीर्घकालीन लक्ष्य हासिल गर्ने शुभारम्भ बर्षको रूपमा आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्ताव गरिएको छ ।

५. हाल विश्वभर महामारीको रूपमा फैलिएको कोरोना भाइरस संक्रमण (कोभिड- १९) दिनप्रतिदिन बढ्दै गइरहेको कारण यसको रोकथाम, नियन्त्रणको लागि प्रयास जारी रहेको परिप्रेक्ष्यमा सिँगो देश, समाज तथा परिषद्को आर्थिक, सामाजिक क्षेत्र लगायत परिषद्ले प्रत्यक्ष सरोकार राख्ने सामाजिक संघसंस्थामा गम्भीर असर परिरहेको छ । यसैगरी कोभिड-१९ संक्रमणको जोखिम न्युनीकरण, रोकथाम तथा नियन्त्रणमा नेपाल सरकारको गैर सरकारी सामाजिक संस्थाहरूलाई व्यवस्थित र प्रभावकारी परिचालन गर्ने नीति अनुरूप सामाजिक संघसंस्था परिचालन कार्य योजना-२०७६ स्वीकृत समेत भई कार्यान्वयन चरणमा रहेको छ । वर्तमान अवस्थामा देखिएको कोभिड-१९ ले देशको अर्थतन्त्रमा पारेको असरलाई समेत मध्यनजर गरी यस आर्थिक वर्षमा अन्य प्रशासनिक खर्चहरू कटौती गरी कार्य योजना कार्यान्वयन तथा तत्काल राहत, उद्धार र सहयोगका कार्यक्रमहरूको समन्वय गर्ने कार्य प्रारम्भ गरिएको छ । विश्वव्यापी महामारीको अवस्थालाई ध्यानमा राखी थप कार्यक्रमहरू समेत आ.व २०७७/०७८ को नीति तथा कार्यक्रममा समेटिएको छ ।

६. नेपाल सरकारको नीति तथा कार्यक्रममा समाजिक विकासका लक्षित कार्यक्रमहरूलाई एकीकृत र नतिजामुखी वनाइ प्रभावकारी कार्यान्वयनमा ल्याउन एकीकृत सामाजिक विकास ऐन तर्जुमा गर्ने उल्लेख भए बमोजिम ऐनलाई संघ, प्रदेश र स्थानीय सरकारको प्राथमिकताको क्षेत्रमा स्रोत र साधनलाई प्रयोग गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको योगदानलाई सुनिश्चित गर्ने दिशामा विकास गर्न परिषद्ले नेतृत्वदायी भूमिका निर्वाह गर्ने छ । ऐन तर्जुमाका लागि आवश्यक समन्वय र परामर्शका कार्यक्रम सञ्चालन गरिने छ ।

७. गैर सरकारी क्षेत्रलाई थप पारदर्शी र जवाफदेही बनाइ सामाजिक संघसंस्था परिचालन गर्ने नीति अन्तर्गत ***नीतिगत स्पष्टता र प्रकृयागत सरलताका*** लागि ठोस कदम चालिने छ । परिषद्ले गैर सरकारी संस्थाहरूको परिचालन र व्यवस्थापनका लागि उनीहरूका वर्गीकरण गर्दै पुरस्कार र दण्डको नीति अवलम्वन गरी ***नियामक र सहजकर्ता*** दुवै भूमिका निवार्ह गर्न आवश्यक व्यवस्था मिलाउने छ ।

८. समाज कल्याण परिषद्बाट स्वीकृत गरिने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूका कार्यक्रमलाई राष्ट्रिय प्राथमिकीता अनुकुल बनाउन विषयगत तथा भौगोलिक क्षेत्रको प्राथमिकिकरण गरिने छ । सोही प्राथमिकताको आधारमा कार्यक्रम तर्जुमा गर्नुपर्ने व्यवस्था मिलाइने छ ।

९. आ.व. २०७७/७८ मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूबाट सञ्चालन गरिने कार्यक्रमहरूलाई कोभिड १९ प्रतिकार्यको क्षेत्रमा केन्द्रित गर्न आव्हान गरिने छ । सामाजिक संघसंस्थाहरूले हाल सञ्चालन गरिरहेका कार्यक्षेत्र भन्दा बाहिर पनि कोभिड १९ ले पारेको असरलाई सम्बोधन गर्न कार्यक्षेत्र परिवर्तन गरी आवश्यकता अनुसार देशव्यापी रूपमा समानुपातिक वितरणको सिद्धान्त अनुसार कार्यक्रम सञ्चालन गर्न प्रेरित गर्दै सोका लागि नीति नियम, कार्यक्रमलाई परिमार्जन र सशोधन गरी आवश्यक व्यवस्था मिलाइने छ ।

१०. संघीयताको भावना र मर्म अनुकुल समाज कल्याण परिषद्को पुनर्संरचना गर्न आवश्यक पर्ने ऐन, नियम तथा नीतिको तर्जुमा र आवश्यक पर्ने श्रोत तथा संयन्त्रको पहिचान गरिने छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्थाको कार्यकमलाई प्रभावकारी सहजीकरण र समन्वय गर्न प्रदेश र स्थानीय सरकारसँग समन्वय, सहकार्य र साझेदारी गरिने छ । संघीय, प्रदेश र स्थानीय सरकारको भूमिका स्पष्ट पार्न र प्रभावकारी सेवा प्रभाहका लागि नीतिगत सुधार गरी मानक अपरेटिंग प्रक्रिया Standard Operating Procedure - SOP) तयार गरिने छ ।

११. परिषद्द्वारा स्वीकृत परियोजनाहरूको विस्तृत विवरण, त्यसले समुदायमा पारेको प्रभाव र राष्ट्रिय विकासमा पुऱ्याएको योगदानलाई व्यस्थित गर्न सामाजिक क्षेत्तको योगदनलाई चिनाउने राष्ट्रिय ज्ञान केन्द्र (Knowledge Hub) को रूपमा सामाजिक क्षेत्र सूचना व्यवस्थापन प्रणाली (Social Sector Information Management System-SIMS) विकास गरिने छ । यो अवधारणालाई स्थानीय र प्रदेश सरकारसंग समन्वय र सहकार्यको माध्यमबाट विकास तथा विस्तार गरिने छ ।

१२. परिषद्को विद्यमान साँगठनिक संरचना र कोषहरूको पुनर्संरचना गरी समायानुकुल बनाइने छ । परिषद्को कार्यक्षेत्रलाई बहुआयामिक बनाउँदै सामाजिक उद्यमशीलता, निजी क्षेत्रको व्यवसायिक सामाजिक उत्तरदायित्व, सहकारी, मुनाफा वितरण नगर्ने कम्पनी, सामुदायिक संस्थाहरू लगायतका क्षेत्रको स्रोत साधनको पहिचान र परिचालनका लागि समन्वय गरिने छ । सोका आधारमा सामाजिक रूपान्तरणका कार्यक्रम तय गर्न सहजीकरण गरिने छ ।

१३. समाज कल्याण परिषद्को दरबन्दी पुनरावलोकन गरी कर्मचारीको वृत्ति विकासकालागि संगठन तथा व्यवस्थापन सर्वेक्षण (Organization & Management Survey - O & M) गरी त्यसको आधारमा चुस्त दुरूस्त संयन्त्रको विकास गरिने छ ।

१४. परिषद्मा कार्यरत निश्चित अवधि पूरा गरेका कर्मचारीहरूलाई स्वेच्छिक अवकासको अवसर प्रदान गर्ने गरी आवश्यक पर्ने बजेटको व्यवस्था गरी गोल्डन ह्यान्डसेक (Golden Handshake) को योजना निर्माण गर्न पहल गर्ने र्उमेरहदवाट स्वेच्छिक अवकाशमा जाने कर्मचारीलाई पहिलो प्राथमिकतामा राखी अन्यको कर्मचारीको हकमा श्रोत व्यवस्थापन गरी क्रमशः स्वेच्छिक अवकाशको नीति कार्यान्वयन गरिने छ । यसै गरी अस्थायी, करार, ज्यालादारी सेवामा कार्यरत कर्मचारीहरूलाई पनि नेपाल सरकारले अवलम्वन गरेको नीति अनुरूप व्यवस्थापन गरिने छ ।

१५. संघसंस्थाले सञ्चालन गर्ने परियोजनाहरूको अनुगमन र मुल्यांकनको सैद्धान्तिक मान्यतालाई स्थापित गर्न बान्छनीय देखिएको, परिषद्ले सम्पन्न गरेका अनुगमन र मूल्याकंन पद्धतिका वारेमा लामो समयदेखि स्पष्टताको अभाव रहेको भनी विभिन्न संवैधानिक आयोग तथा सरकारी निकायबाट टिप्पणी भएको सम्बन्धमा आर्थिक वर्ष २०७७/७८ देखि नै लागू हुने गरी अनुगमन र मुल्यांकन पद्धतिमा आमुल परिवर्तन गरिनेछ । अनुगमन कार्यलाई आन्तरिक र मूल्यांकन कार्यलाई वाह्य पक्षबाट गराउने गरी व्यवस्था मिलाइनेछ । अनुगमन र मूल्यांकनलाई परिषद्को एक नियमित र प्रभावकारी कार्य बनाउँदै परिषद्बाट स्वीकृत कार्यक्रमहरूलाई नतिजामुखी बनाइने छ । अनुगमन र मूलयांकन प्रतिवेदनका असल अभ्यासहरूलाई चौमासिक रूपमा संक्षेपीकरण गरी प्रकाशन गर्ने साथै सामाजिक संस्थाहरूले वार्षिक रूपमा सम्पन्न गरेका समग्र गतिविधिहरूको समेत समिक्षा गरी प्रकाशन गर्ने व्यवस्था मिलाइने छ ।

१६. परिषद्ले आफ्नो र आवद्ध सामाजिक संघसंस्थाहरूलाई सुशासनतर्फ अग्रसर गराउन सामाजिक संस्थाहरूमा **स्वशासन र सुशासनको** अवधारणामा जोड दिने छ । सुशासनको लागि समयानुकुल परिवर्तनमा जोड दिंदै इ-गर्भनेन्सको अवधारणामा लागू गरिने छ । परिषद्को सूचना प्रविधिको विकासको लागि सफ्टवेयर निर्माण, कम्प्युटर, इन्टरनेट, वेभसाइट र बुलेटिनको स्तरोन्नति गर्दै परिषद्को कामलाई तथ्य र तथ्यांकको आधारमा प्रविधि मैत्री बनाइने छ । सूचना प्रणालीलाई गुणस्तरीय र भरपर्दो बनाइ अनलाईन सेवा प्रदान गर्ने कार्यलाई प्राथमिकताका साथ लागू गरिने छ ।

१७. सामाजिक उद्यमशीलताको विकास गरी सामाजिक संघसंस्थाहरूलाई आत्मनिर्भर बनाउने दिशामा ठोस नीति तथा कार्यक्रम लागू गरिने छ । सोका लागि **सामाजिक उद्यमशीलता विकास कोषको**

स्थापना गरिने छ । समुदायस्तरमा भएका अनेकौ उद्यमशीलताका प्रयासहरूलाई संगठित रूपमा उत्पादनका क्षेत्रमा वढावा गरी रोजगारी सिर्जनामा सहयोग पुर्‍याउने, बेरोजगारहरूलाई व्यवसायिक क्षेत्रमा लगानी तथा आवश्यकतानुसार सीप प्रदान गरी स्वरोजगार र रोजगारी सिर्जना गर्ने दिशामा सामाजिक संघसंस्थाहरूलाई परिचालन गरिने छ । वि. सं. २०८२ भित्र नेपालको उद्यम क्षेत्रको कम्तिमा २% योगदान सामाजिक उद्यमशीलताको माध्ययमबाट हुने गरी लक्ष्य लिइएको छ । यो कार्यक्रमले सरकारले लिएको **"उद्यमशीलता, रोजगारी र उत्पादन वृद्धिः हुन्छ नेपालको समृद्धि"** को नीतिलाई योगदान पुऱ्याउने छ ।

१८. परिषद् आफैले उपकार कोष र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू मार्फत संघीय, प्रदेश र स्थानीय सरकारसँगको समन्वयमा विपद् जोखिम न्यूनीकरण, व्यवस्थापन र राहतका कार्यक्रमहरूलाई प्रभावकारी बनाउन **"विपद्मा राहत, सामाजिक क्षेत्रको साथ"** कार्यक्रम सञ्चालन गरिने छ । विपद् व्यवस्थापनको क्षेत्रमा काम गर्ने संस्थाहरूको समूह निर्माण गरी त्यस्ता कार्यक्रमको स्वीकृति प्रकृयालाई सरल बनाइने छ । विपद्को बेलामा सञ्चालन गरिने राहत लगायतका कार्यक्रमलाई प्रभावकारी बनाउन गैर सरकारी संस्था महासंघ लगायतका सामाजिक संघसंस्थाहरूको समेत प्रतिनिधित्व हुने गरी अनुगमन संयन्त्र निर्माण गरिने छ ।

१९. परिषद्मा आवद्ध विभिन्न ऐन अर्न्तगत दर्ता भएका सामाजिक संस्थाहरूलाई मन्त्री परिषद्का निर्यणबाट प्रदान गरिएको सार्वजनिक सम्पत्तिको सदुपयोग भए नभएका यकिन गरी संस्थागत सुशासन र पारदर्शिता कायम गर्न ती संस्थाको नियमित अनुगमन गरिने छ । यस्ता संस्थाहरूका कामलाई कानुनी दायरामा ल्याई प्रभावकारी कार्यक्रम सञ्चालन गर्न गराउन सम्बधित मन्त्रालय मार्फत नेपाल सरकारसंग समन्वय गरी आवश्यक कार्यवाही अगाडि बढाइने छ ।

२०. अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको परियोजना मार्फत सञ्चालित कार्यक्रमबाट साझेदारी संस्थाको नाममा खरिद गरिएको चल अचल सम्पत्ति (जग्गा, घर आदि) को उपयोगको समुचित व्यवस्थापन गरिने छ ।

२१. परिषद्को भोगाधिकार र स्वामित्वमा रहेको भृकुटीमण्डप क्षेत्र स्थित जग्गा तथा संरचना, बुढानिलकण्ठ, टुकुचा र बानेश्वरको जग्गा लगायत चल अचल सम्पतिको संरक्षण व्यवस्थापनको लागि ठोस योजना बनाइने छ । भृकुटीमण्डप क्षेत्र लगायत सम्पतिको उपयोग गरी व्यवसायिक रूपमा दीर्घकालीन योजना सहित उक्त क्षेत्रलाई सुन्दर, रमणीय, आकर्षक र अन्तर्राष्ट्रिय सभा स्थलको रूपमा विकास गर्न आर्थिक, प्राविधिक योजना सहितको **"नेपालको विविधता नेपालीको**

**सान, नेपाल झल्काउने प्रर्दशनी स्थान"** बनाउने लक्ष्यका साथ एकीकृत गुरूयोजना तयार गरिने छ ।

२२. परिषद्को जग्गा, घर भवन तथा स्टलहरूलाई आन्तरिक दर प्राप्ति (Internal Rate of Return - IRR) प्रतिवेदनको सिफारिसका आधारमा भाडामा लगाउन सार्वजनिक खरिद ऐन, २०६३ र नियामवली, २०६४ बमोजिम प्रतिस्पर्धा गराइ आय आर्जन बृद्धि गरिने छ । परिषद्बाट विगतमा भएका सम्झौताहरूको समयानुकुल परिमार्जन गरी भाडा वृद्धि गर्न पहल गरिने छ । परिषद्को अत्यावश्यक सेवामा रहेको प्रदर्शनी हल, भवन, स्टल लगायतका संरचनाहरूको आवश्यक मर्मत सम्भारको कार्यलाई प्राथमिकताका साथ सम्पन्न गरिने छ । भृकुटीमण्डपको दक्षिणतर्फको पूर्व पश्चिम फैलिएको क्षेत्रको खुल्ला स्थानमा रहेको खुला बजारलाई स्तरोन्नतिका लागि आवश्यक प्रक्रिया अगाडि बढाइने छ ।

२३. परिषद्को भृकुटीमण्डप स्थित जग्गा, स्टल प्रयोग गरे वापत विभिन्न संघसंस्थाहरूले परिषद्लाई बुझाउनु पर्ने भाडा रकम नबुझाई वक्यौता रहेको रकम असुल गर्न कानुनी प्रकृया अगाडि बढाइने छ ।

२४. परिषद्को का.म.न.पा वडा नं. ३१ बानेश्वरस्थित जग्गामा परिषद्को **"सामाजिक भवन"** निमार्णको लागि नेपाल सरकारसँगको सम्झौता बमोजिम शहरी विकास मन्त्रालय मार्फत कार्य आरम्भ गर्न आवश्यक समन्वय गरिने छ ।

२५. बुढानिलकण्ठ स्थित परिषद्को जग्गामा आवश्यक भौतिक संरचना निर्माण गरी अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थाहरूको सहयोगमा असहाय महिला, अपांगता भएका व्यक्ति र बेरोजगार युवाहरूलाई शीपमूलक, व्यवसायमूलक तालिम प्रदान गर्ने तथा वैदेशिक रोजगारीमा जाने युवा कामदारहरूलाई प्रोत्साहन गर्न प्राविधिक शिक्षा (Vocational Training) सञ्चालन गर्न आवश्यक समन्वय गरिने छ ।

२६. अन्तराष्ट्रिय दाताबाट प्रत्यक्ष वैदेशिक सहयोग प्राप्त गरी परियोजना सञ्चालन गर्ने गैर सरकारी संघसंस्थाहरूबाट परियोजना स्वीकृति गर्दा परियोजनागत रूपमा तोकिए बमोजिम सहजीकरण, अनुगमन र मूल्यांकनको लागि संस्थागत सेवा शुल्क लिने कार्यको प्रभावकारी कार्यान्वयन गरिने छ ।

२७. परिषद्को मुख्य आम्दानीको श्रोतको रूपमा रहेको भृकुटीमण्डपबाट कोभिड-१९ को कारण चालु आर्थिक वर्षमा जस्तै आगामी आर्थिक वर्षमा समेत सो स्थानवाट प्राप्त हुने आम्दानीको

यथार्थतालाई मध्यनजर गरी बैकल्पिक स्रोतहरूको व्यवस्थापन गर्न ठोस रणनीति र कार्यक्रम तय गरिने छ ।

२८. सहयोगापेक्षी सडक मानव, सडक बालवालिक, बाल श्रम, मानव बेचविखन, तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा, महिला बिरूद्धको हिंसा अन्त्यको लागि र वालविवाह अन्त्य लगायतका सामाजिक कुरीतिको विरूद्धमा काम गर्ने संस्थाहरूको छुट्टै समूह तयार गरी त्यस प्रकृतिका परियोजना सञ्चालनको लागि आवश्यक सहजीकरण गरिने छ । सो क्षेत्रका परियोजनाको प्रभावकारिताका लागि नियमित अनुगमनको व्यवस्था मिलाइ आवश्यक पृष्ठपोषण दिइने छ ।

२९. महिला हिंसा, घरेलु हिंसा,यौनजन्य हिंसा, यौनिक अल्पसंख्यक भएकै कारण हुने हिंसा, एसिड आक्रमण, बलात्कार लगायतबाट पीडित र मानव बेचबिखन तथा ओसारपसार र हिंसामा परेका महिला तथा बालबालिकाहरूको स्वदेश तथा बिदेशबाट उद्धार, स्वदेश फिर्ति, पुनर्स्थापना तथा पारिवारिक र समुदायमा पुनर्एकीकरणको कार्यक्रममा जोड दिई आवश्यकता अनुसार समन्वय गरि पीडितहरूको संरक्षणको लागि सुरक्षित आवस (Safe House) केन्द्रको स्थापना गर्न समेत प्रोत्साहन गरिनेछ ।

३०. सामाजिक कुरीतिको रूपमा रहेका छाउपडी प्रथा, बाल विवाह, जातीय छुवाछुत र भेदभाव न्युनीकरणको लागि सशक्त अभियान सञ्चालन गरिनेछ । स्थानीय सरकारसँगको समन्वयमा छाउपडी, जातीय छुवाछुत, वालश्रम, वालविवाह र मानव बेचबिखन मुक्त क्षेत्र बनाउने अभियान सञ्चालन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूलाई प्रोत्साहन गरिने छ । यस्ता परियोजना सञ्चालनका लागि भौतिक संचरना र अभियान बीचको सन्तुलन (Hardware र Software Ratio) लागू नहुने नीतिगत व्यवस्था गरिने छ ।

३१. परिषद्को विगत र वर्तमानको वास्तविक अवस्था झल्कने, विगतमा भएका सकारात्क अभ्यासका साथै कमी कमजोरी र भविश्यको लक्ष्य स्पष्ट पार्ने गरी **स्वेत-पत्र** जारी गरिने छ ।

३२. नेपाल सरकारले अगाडि सारेको **"चिनौ आफ्नो माटो, बनाऔ आफ्नो देश"** अभियानलाई थप बल पुऱ्याउन विश्वविद्यालयहरूसँग समझदारी र सहकार्य गरी स्नातकोत्तर वा सोभन्दा माथिका विधार्थीहरूलाई परिषद्बाट स्वीकृत परियोजनाको मूल्याङ्कनमा संलग्न गराइने छ । मूल्याङ्कनमा संलग्न विधार्थीहरूका लागि सरकार र सामाजिक क्षेत्रले विकास निर्माणमा गरेको योगदान प्रत्यक्ष महशुस गर्ने वातावरण सिर्जना गरिने छ ।

३३. नेपाल सरकारको **"कोही भोकै पर्दैन, भोकले कोही मर्दैन"** भन्ने प्रतिवद्धतालाई सार्थक बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूलाई आफ्ना परियोजना तयार गर्दा गरीवी

निवारण, आय आर्जन र रोजगारी सिर्जनाका क्षेत्रमा केन्द्रित हुन अव्हान र निर्देशन गरिने छ। यसरी सञ्चालन गरिने कार्यक्रमहरूमा राष्ट्रपति महिला उत्थान कार्यक्रमको अवधारणा अनुरूप **महिला उद्यमशीलतामा** जोड दिन र प्रभावकारी कार्यान्वयनको आवश्यक व्यवस्था मिलाइने छ।

३४. सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रण गर्न गैर सरकारी क्षेत्रमा सदाचार विकासका लागि समाज कल्याण परिषद् र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूका तर्फबाट सामुहिक प्रतिवद्धता सहितको सुशासन प्रणाली विकास गरिनेछ। **"म भ्रष्टाचार गर्दिन, म भ्रष्टाचार गर्न दिन्न"** भन्ने सरकारको प्रतिवद्धतामा ऐक्यवद्धता कायम गरिने छ।

३५. राष्ट्रिय अपाङ्ग कोषको संस्थागत विकास, सवलीकरण र क्षमता अभिवृद्धि गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउन आवश्यक नीतिगत परिमार्जन र कार्यक्रम तर्जुमा गरिने छ। कोषलाई अपाङ्गता मैत्री नीति नियम तर्जुमा, सरकारी एवं गैर सरकारी क्षेत्रका कार्यक्रमको सूचना स्रोत र **सहायक सामग्री निर्माणमा अग्रणी संस्थाका** रूपमा विकास गरिने छ। सहायक सामग्री निर्माणमा नवप्रवर्द्धन ल्याउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका संस्थाहरूसँग आवश्यक साझेदारीको रणनीति लिइने छ।

३६. राष्ट्रिय स्वास्थ्य कोष मार्फत नागरिकको स्वास्थ्यको अधिकार सम्बन्धी सचेतना अभिवृद्धि र स्वास्थ्य सेवामा पहुँच विस्तार गर्न सचेतना कार्यक्रम सञ्चालन गरिने छ।

३७. जेष्ठ नागरिक कोष मार्फते ज्येष्ठ नागरिकहरूको संरक्षण र सामाजिक सुरक्षाका लागि नीति, योजना, कार्यक्रम बनाइ लागू गरिनेछ। जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवको उपयोग गरी सुखी जीवनयापन गर्न नेपाल सरकारलाई आवश्यक कानुनी तथा नीतिगत व्यवस्थाको कार्यान्वयन अवस्था अध्ययन, अनुसन्धान गरी सुझाव सिफारिस गर्नेछ। **"ज्येष्ठ नागरिक बोझ हैन सम्पत्ति हुन"** भन्ने मान्यताका आधारमा सार्वजानिक निजी साझेदारीका कार्यक्रम मार्फत जेष्ठ नागरिक लक्षित कार्यक्रम सञ्चालन गरिने छ।

३८. नेपालमा सञ्चालित बाल गृह र महिला पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने संस्थाहरूका र सम्वधित परियोजनाको स्वीकृति पूर्व आधारभूत मापदण्ड पूरा भए नभएको सुनिश्चित गरिने छ। त्यस्ता बाल गृह तथा केन्द्रहरूको नियमित अनुगमन गर्न राष्ट्रिय बाल अधिकार परिषद्, मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण राष्ट्रिय कार्य समिति, जिल्ला समिति, स्थानीय सरकार लगायत सरोकारवाला निकायको संलग्नतामा विशेष संरचनाको व्यवस्था गरिने छ।

३९. नेपालमा भित्रिने बैदेशिक सहायता केही अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरू, राष्ट्रिय गैर सरकारी संस्थाहरू, मुनाफा बितरण नगर्ने कम्पनीहरू र महासंघहरू परिषद्को दायरामा नआइ बिषयगत

मन्त्रालय मार्फत स्वीकृति लिई कार्यक्रम सञ्चालन गर्ने गरेको र त्यसले परिषद्मा एकीकृत सामाजिक क्षेत्रको योगदानको तथ्याङ्क अध्यावधिक गर्न नसकिएको अवस्थामा सबै खाले वैदेशिक सहायता (व्यक्ति, तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था) समाज कल्याण परिषद्को एकीकृत प्रणाली मार्फत स्वीकृति, अनुगमन तथा नियमन गर्न सरोकारवाला तथा नेपाल सरकारसँग आवश्यक परामर्श गरी उचित व्यबस्था मिलाइनेछ ।

४०. लैगिंक तथा यौनिक अल्पसंख्यकहरुको आत्मसम्मान बृद्धि गर्न समाजमा उनीहरुको पहिचान स्थापित गर्ने खालको आवश्यक नीति तथा कार्यक्रम संचालन गर्न सामाजिक संघसंस्थाहरुलाई आव्हान गरिने छ ।

४१. गैर सरकारी क्षेत्रको समन्वय, परिचालन, नियमन र सहजीकरणका सन्दर्भमा अन्तर्राष्ट्रिय अनुभवको आदान प्रदान गर्न सार्क मुलुक लगायत विश्वका विभिन्न देशमा समाज कल्याण परिषद् जस्तै उद्धेश्यले स्थापित संस्थाहरुसँग भाइचारा सम्वन्धको विकास गरिने छ। यस्ता संस्था तथा संयन्त्रहरुको संजाल विकासको लागि आवश्यक पहल गरिने छ।

४२. नेपालमा कार्यरत सामाजिक संघ संस्थाको बहुआयामिक क्षेत्रका निश्चित सूचकहरुको आधारमा सरोकारवालहरुको समेत सहभागितामा वर्गीकरण गरिने छ । सामाजिक क्षेत्रको कामलाई प्रभावकारी बनाउँदै राष्ट्रिय विकासको मूल प्रवाहमा यो क्षेत्रको योगदानलाई उजागर गरी असल अभ्यासलाई प्रोत्साहित गर्न गलत प्रबित्तिलाई निरुत्साहित गर्न पुरस्कार र दण्डको कार्यविधि तयार गरी लागू गरिने छ ।